# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

(१ नं. प्रदेश), नेपाल

प.सं. २०७८/०७९

च.नं. १६४१

मितिः २०७८/१०/२८

**विषयः** विद्यालय सञ्चालन गर्ने सम्बन्धमा।

श्री विद्यालयहरु (सबै),

सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा।

प्रस्तुत सम्वन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखाको च.नं. ६१ मिति २०७८/१०/२८ को विद्यालय सञ्चालन गर्ने सम्बन्धी परिपत्र यसैसाथ संलग्न गरीएको छ। सोही सूचना बमोजिम यस नगरपालिका अन्तरगतका सम्पुर्ण विद्यालयहरुले कक्षा सञ्चानलको व्यवस्था गर्न गराउन हुन जानकारी गराइन्छ।

..................
नरेन्द्रराज राई
निमित्त प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०३७-५२०२१३ E-mail:siddhicharanmunicipality@gmail.com Website:siddhicharanmun.gov.np
:edusiddhicharan@gmail.com

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा)
सानोठिमी,भक्तपुर

पत्र संख्या : ०७८/०७९
च.नं. ६१

फोन नं. :
फ्याक्स नं. : ६६-३१९७२

मिति: २०७८/१०/२८

विषय: विद्यालय सञ्चालन गर्ने सम्वन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई,
७७ वटै ।

श्री,स्थानीय तहहरु
सवै ।

प्रस्तुत विषयमा नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको मिति २०७८/१०/२३ को सिफारिस **"विश्वविद्यालय, विद्यालय, ट्युशन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरु जनस्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरी २०७८ फाल्गुण १ गतेबाट सञ्चालन गर्ने । विद्यालय सञ्चालन गर्दा १२ वर्ष पुरा भएका विद्यार्थीका हकमा नियमित रुपमा तथा १२ वर्ष पुरा नभएका विद्यार्थीका हकमा आलोपालो दिनमा कक्षा सञ्चालन गर्ने व्यवस्थाका लागि गृह मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सिफारिस गर्ने ।"** उल्लेख भई आएकाले सो अनुसार नै कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउनुहुन निर्णयानुसार अनुरोध छ ।

(गणेश प्रसाद पौडेल)
निर्देशक

**बोधार्थ:**
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाण्डौं